# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -४ ,संख्या ,१- श्रावण ७ गते ,२०७९ साल**

# भाग २ -

## इस्मा गाउँपालिका

### “इस्मा गाउँपालिकाको योजना सुपरीवेक्षण, अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७४”

प्रथम संशोधन मिति २०७९।०९।०८

**प्रस्तावना**

गाउँपालिकाबाट कञ्चालन गरिने योजना, कार्यक्रमहरुलाई गुणस्तरीय, प्रतिफलमा आधारित र सुशासनमा सहयोग पुग्ने गरी कार्यान्वयन गर्न आवश्यक छ। नेपालको संविधान २०७२ र स्थानीय सरकार कञ्चालन ऐन २०७४ ले स्थानीयतहले आफ्नो गाउँपालिकाको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्न सक्ने व्यवस्था गरेको छ। गाउँ सभाबाट स्वीकृत वार्षिक कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, स्रोत र साधनको दुरुपयोग हुन नदिन र योजनाहरुलाई प्रतिफलमा आधारित बनाउन निरन्तर अनुगमन र मूल्याङ्कन कार्यहरु अगाडि बढाउन

आवश्यक देखिन्छ। त्यसैले यस गाउँपालिकामा सञ्चालित योजनाहरुको सफल कार्यान्वयनमा जोड दिदै योजना छनौटमा सहजिकरण र नीतिनिर्माणमा सहजता कायमगरी सुशासन, पारदर्शिता, दीगोपना, सहभागितामा अभिवृद्धिगरी गाउँपालिकाभित्र योजना कार्यान्वयनपक्षलाई सफलिभुत पार्नको लागि अनुगमन मूल्याङ्कन कार्यविधि बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले इस्मा गाउँपालिकाले योजना सुपरीवेक्षण अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७४ लागु गरिएको छ।

**उद्देश्यः-**

(क) योजनाहरुको समयमा प्रभावकारी कार्यान्वयन गर्नको लागि सघाउ पुर्याउने।

(ख) अनुगमन मूल्याङ्कनवाट प्राप्त सुझाव तथा निस्कर्षलाई मार्ग दर्शनको रुपमा लिइ कार्यान्वयन तहमा लैजाने।

(ग) योजनाहरु समयमा नै निर्धारित मापदण्ड बमोजिम सम्पन्न गर्नको लागि सहयोग पुराउने।

## परिच्छेद-एक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**इस्मा गाँउपालिकाको योजना सुपरीवेक्षण, अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७४**" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

## परिच्छेद -दुई

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **कायविधि भन्नालेः**–इस्मा गाँउपालिकाको योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७४ लाई जनाउने छ।

(ख) **गाउँपालिका भन्नालेः**– इस्मा गाउँपालिकालाई जनाउने छ।

(ग) **अनुगमन भन्नालेः** योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ÷छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ÷छैन भनी विभिन्न तहका पदाधिकारी, व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई जनाउने छ।

(घ) **मूल्याङ्कन भन्नालेः** कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धि एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखागर्ने कुरालाई जनाउने छ।

(ङ) **प्राविधिकको अनुगमन तथा मूल्याङ्कनः** प्राविधिक अनुगमन तथा मूल्याङ्कन भन्नाले इस्मा गाउँपालिकाका प्राविधिक जनशक्तिबाट योजनाको लागत इष्टिमेट, नियमित

प्राविधिक चेक जाँच, आयोजना तथा योजनाहरुलाई आवश्यक प्राविधिक सहयोग सहितको सेवा उपलब्ध गराउने कुरालाई बुझिन्छ।

(च) **बिषयगत कर्मचारी भन्नाले:** यस गाउँ कार्यपालिकाको कार्यालयमा स्थापित बिषयगत शाखाका प्रमुख र प्राबिधिक सम्झनु पर्दछ।

## परिच्छेद-तीन

### ३. सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको गठनः

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन चरण पूर्व, निर्माणाधिन चरण र कार्यसम्पन्न पश्चातको गरी ३ चरणमा योजना तथा कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन गर्न सकिने छ। सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनको लागि रु. ३ लाखसम्मको बजेट रकम भएको योजना तथा कार्यक्रमको हकमा वडा स्तरीय योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति मार्फत अनुगमन कार्य हुनेछ भने बजेट रु. ३ लाख भन्दा माथिको योजना तथा कार्यक्रमको हकमा गाउँपालिका स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समिति मार्फत हुनेछ।

(ख) **गाउँपालिका स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समिति:** गाउँपालिका स्तरीय (रु ३ लाख भन्दा माथि लागत अनुमान भएका) योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिमा देहाय वमोजिमका ७ सदस्यीय पदाधिकारीहरु रहने छन् ।

देहाय

| | | |
|---|---|---|
| (१) | गाँउपालिका उपाध्यक्ष | संयोजक |
| (२) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (३) | सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (४) | सम्वन्धित विषयगत समितिको संयोजक | सदस्य |
| (५) | प्राविधिक शाखा प्रमुख | सदस्य |
| (६) | विषयगत शाखाको कर्मचारी | सदस्य |
| (७) | योजना शाखा प्रमुख | सदस्य सचिव |

(ग) **वडा स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समिति**ः वडा स्तरीय (रु ३ लाख लागत रकम सम्मका) योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिमा देहाय वमोजिमका पदाधिकारीहरु रहने छन्ः

देहाय

| | | |
|---|---|---|
| (१) | सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (२) | वडा सदस्यहरु | सदस्य |
| (३) | वडा कार्यालयको प्राविधिक | सदस्य |

(४) वडा सचिव 	सदस्य सचिव

गाउँपालिकाको प्राविधिक शाखाबाट कामको स ुरुवात देखि अन्त्यसम्म योजनाको लागत इस्टिमेट, निरन्तर जाँच अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरुमा अनिवार्य रुपमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**४. गाउँपालिका स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

**प्रथम संशोधन द्वारा संशोधित**

**देहाय**

(क) गाउँसभाबाट पारित वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको क्रममा सुपरीवेक्षण, अनुगमन, निर्देशन तथा नियन्त्रण गर्ने ।

(ख) योजनाहरुको गुणस्तरीयता कायम गराउने ।

(ग) योजनाहरुको अनुगमन प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(घ) योजना तथा कार्यक्रमहरु कार्यान्ववयनमा आर्थिक नियमितता, पारदर्शिता र जवाफदेही ढँगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(ङ) योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा अनियमितता भएको पाइएमा उक्त कार्य रोक्न सचेत गराउने, सचेत गराउँदा समेत पुनरावृत्ति भएको नपाइएमा आवश्यक कारवाहीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(च) कार्य सम्पन्न भएका कार्यक्रम तथा योजनाहरुको जाँचपास फरफारक तथा अन्तिम भुक्तानीको लागि कार्यालयमा सिफारिस गर्ने ।

(छ) गाउँपालिकाको वार्षिक अनुगमन प्रतिवेदन तयार गरी गाउँसभा समक्ष प्रस्तुत गर्ने ।

५. **अनुगमन प्रतिवेदनः** गाउँपालिका स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिको अनुगमन प्रतिवेदन अनुसूचि १ बमोजिम हुनेछ ।

**६. वडा स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः** वडा स्तरीय योजना सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

देहाय

(क) गाउँसभाबाट स्वीकृत बजेट रु. ३ लाखसम्मका वडास्तरमा संचालित योजना तथा कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन, निर्देशन तथा नियन्त्रण गर्ने ।

(ख) योजनाहरुको अनुगमन प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(ग) योजना तथा कार्यक्रमहरु कार्यान्ववयनमा आर्थिक नियमितता, पारदर्शिता र जवाफदेही ढँगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(घ) योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा अनियमितता भएको पाइएमा उक्त कार्य रोक्न सचेत गराउने, सचेत गराउँदा समेत पुनरावृत्ति भएको पाइएमा आवश्यक कारवाहीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(ङ) कार्य सम्पन्न भएका कार्यक्रम तथा योजनाहरुको जाँचपास फरफारक तथा अन्तिम भुक्तानीको लागि कार्यालयमा सिफारिस गर्ने ।

७. **योजना कार्यान्वयन तथा फरफारक सम्बन्धमा टोल विकास संस्थाको काम कर्तव्य र अधिकार:**

(क) गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने र सम्झौता बमोजिम समयमै काम सम्पन्न गर्ने ।

(ख) काम सम्पन्न पश्चात सम्बन्धित अनुगमन समितिको कम्तिमा १ जना पदाधिकारीको रोहवरमा सामाजिक परीक्षण गराउने ।

(ग) अनुगमन समितिलाई समय समयमा कामको अनुगमनको लागि अनुरोध गर्ने ।

(घ) तोकिएका आवश्यक कागजातहरु तयार गरी योजना तथा कार्यक्रमको फछ्र्यौट तथा भुक्तानी लिने ।

८. **अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः** अनुगमन मूल्याङ्कन समितिका पदाधिकारी तथा कर्मचारीले तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने छ ।

## परिच्छेद-चार

९. **अनुगमन मूल्याङ्कन समितिका पदाधिकारीहरुको सेवा सुविधाः** अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारी तथा कर्मचारीले नेपाल सरकार अर्थ मन्त्रालयबाट तोकिए वमोजिमको देहायमा उल्लेखित सुविधा प्राप्त गर्ने छ ।

देहाय

(क) दैनिक भत्ता प्रतिदिन रु १,५००।

(ख) खाजा तथा खर्च प्रतिदिन प्रतिव्यक्ति रु २००।

(ग) खाना खर्च प्रतिपटक प्रतिव्यक्ति रु ३००।

(घ) प्रतिवेदन लेखन रु ५००।

(ङ) विविध तर्फ ५००।

(च) गाडी भाडा नियमानुसार, रिजर्भ इन्धन समेत प्रतिदिन रु ६०००।–

## परिच्छेद-पाँच

**१०. अन्य:**

(क) प्रत्येक अनुगमन तथा मूल्याङ्कनको अवधि १ दिन बढीमा ३ ओटा योजना सम्मको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सकिने छ ।

(ख) अनुगमन तथा मूल्याङ्कनको अवधि सामान्यतया एउटा योजनाको लागि १ दिनको हुनेछ ।

(ग) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुलाई समय सापेक्ष परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद-छ

**११. <u>खारेजी तथा बचाउः</u>** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय सरकार कञ्चालन ऐन २०७४” को नियम तथा अन्य प्रचलित कानून सँग बाझिएकोले हदसम्म अमान्य हुनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा १२ को उपदफा (२) बमोजिम)

## पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरिने योजनाको नाम | |
| २ | योजना स्थल ठेगाना | |
| ३ | योजनाको स्वीकृत लागत अनुमान रु. | |
| ४ | सम्झौता रुकम रु. | |
| ५ | बहुवर्षीय योजना हकमा | |
| ६ | योजना सम्झौता मिति | |
| ७ | योजना शुरु तथा सम्पन्न हुने मिति | |
| ८ | लाभान्भित जनसंख्या | |
| ९ | कार्यान्वयन गर्ने निकायको नाम र सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | |
| १० | निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण | |
| ११ | संरचना निर्माण भए डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| १२ | आवश्यक पर्ने निर्माण सामाग्री तथा नजशक्ति आपूर्तीको स्रोत र सोको गुणस्तर | |
| १३ | भौगोलिक एंव वातावरणीय जोखिम | |
| १४ | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम | |
| १५ | लाभग्राही समुदायको सरोकारको विषय धारणा र सुझाव | |
| १६ | संलग्न प्राविधिकको धारणा | |
| १७ | नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |
| १८ | समिति अनुगमनकर्ताको टिप्पणी र सुझाव | |

**नोटः**

१. क्र.सं. ९ मा उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना भए उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बर राख्ने, गैरसरकारी संस्था सामुदायिक संस्थाबाट कार्यान्वयन भएको योजना भए सम्बन्धित संस्थाको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर र निर्माण

व्यवसायीबाट कार्यान्वन भएको योजना भए सम्बन्धित निर्माण व्यवसायीको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गर्ने।

२. क्र.सं. १३ वातावरणीय मूल्याङ्कन गर्नुपर्ने योजना भए सो बमोजिम मुल्याङकन भए नभएको र योजनाबाट अन्य सिंचाई,खानेपानी सडक जस्ता स्थानीय सार्वजनिक पूर्वाधार तथा निजी भौतिक पूर्वाधारमा क्षति पुग्न सक्ने अवस्था भए नभएको उल्लेख गर्ने।

अनुसूची-२

(कार्यविधिको दफा १२ को उपदफा (३) बमोजिम)

**पूर्वाधार योजनाको निर्माणधिन अवस्थामा गरिने अनुगमनको क्रममा प्रयोग गरिने ढाँचा**

१. योजनाको नामः

२. योजना निर्माण स्थलः.......................................

३. योजना निर्माण शुरु मिति............................

४. योजना सम्पन्न हुनुपर्ने मिति................

५. भौतिक प्रगतिः..........................प्रतिशत

६. वित्तीय प्रगति......................प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुपः (क) भएको (ख) नभएको

८. निर्माण कार्यको अवस्थाः

(क) निर्माणस्थलमा आवश्यक निर्माण सामग्रीको उपलब्धता भए नभएको

(ख) उपलब्ध निर्माण सामग्री तोकिएको गुणस्तर बमोजिम भए नभएको

(ग) गुणस्तर परीक्षण भए नभएको र भएको भए सोको नतिजा

(घ) आवश्यक जनशक्तिको पर्याप्तता भए नभएको

(ङ) मेशिनरी औजार र उपरकण व्यवस्थापन अवस्था

९. योजना कार्यान्वयनमा देखिएका बाधा अवरोधः...........................

१०. योजना कार्यान्वयनमा सम्झौताका शर्तको पालनाः (क) भएको (ख) नभएको
(ग) नभएको भए पालना नभएको विषय र सोको कारण................................

११. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिवद्धता.................

१२. स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा प्रतिकृया...........................................

१३. संलग्न प्राविधिकको धारणा र प्रतिवद्धताः.............................................................

१४. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझाव कार्यान्वयन अवस्थाः...............................

१५. समिति अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः.................................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

(क) नामः.......................................पद..................................दस्तखत................

(ख) नामः.......................................पद..................................दस्तखत................

(ग) नामः.......................................पद..................................दस्तखत................

(घ) नामः.......................................पद..................................दस्तखत................

(ङ) नामः.......................................पद..................................दस्तखत................

(च) नामः.......................................पद..................................दस्तखत................

(छ) नामः.......................................पद..................................दस्तखत................

(ज) नामः.......................................पद..................................दस्तखत................

अनुसूची-३

(कार्यविधिको दफा १२ को उपदफा (५) बमोजिम)

**योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमनको क्रममा प्रयोग गरिने अनुगमनको ढाँचा**

१. योजनाको नामः.........................................................

२. योजना निर्माणस्थलः वडा नं.............स्थान............................

३. योजना निर्माण शुरु मिति...........................................

४. सम्झौता रकम रु.........................हालसम्मको भुक्तानी रु............................

५. भौतिक प्रगतिः..................................वित्तीय प्रगति.........................................

६. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्न भए नभएको

७. योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए नभएको

८. उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः...........

९. डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः.........................................................................

१०. योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको..............................

११. योजनाको समग्र उपलब्धीको अवस्था र दिगोपनः.......................................

१२. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे नगरेको................................

१३. उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझाव .................. .........................................................

१४. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिवद्धताः .........................................................................................

१५. स्थानीय उपभोक्ता नागरिकहरुको धारणा वा प्रतिक्रिया.........................................

१६. अघिल्लो अनुगमनको क्रममा दिइकएका सुझावको कार्यान्वयनको अवस्था...... .........................................................

१७. संलग्न प्राविधिकको धारणा र प्रतिवद्धताः..........................................................

१८. समिति/अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः..................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

(क) नामः.......................................पद..................................दस्तखत...............
(ख) नामः.......................................पद..................................दस्तखत...............
(ग) नामः.......................................पद..................................दस्तखत...............
(घ) नामः.......................................पद..................................दस्तखत...............
(ङ) नामः.......................................पद..................................दस्तखत...............
(च) नामः.......................................पद..................................दस्तखत...............
(छ) नामः.......................................पद..................................दस्तखत...............
(ज) नामः.......................................पद..................................दस्तखत...............

अनुसूची-४

(कार्यविधिको दफा १३ बमोजिम)

## चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमनको क्रममा प्रयोग गरिने ढाँचा

१. अनुगमन गरेको मितिः...........................

२. कार्यक्रमको नामः....................................................

३. कार्यक्रम सञ्चालन स्थानः वडा नं............................स्थानः.......................................

४. कार्यक्रम शुरु मितिः............................ सम्पन्न गर्नुपर्ने मितिः...............................

५. कार्यक्रमको प्रकृतिः (क) चेतनामूलक (ख) क्षमता अभिवृद्धि (ग) सीप विकास

६. कार्यक्रमको कुल लागतः रु.........................कार्यालयबाट उपलब्ध हुने रकम रु................ कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु....................................अन्य निकायबाट प्राप्त सहयोग रु.....................लाभग्राहीको सहभागिताः रु.......................

७. जम्मा लाभग्राही संख्याः.

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राहमण/क्षेत्री | मधेसी | मुस्लिम/ अल्पसङ्ख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

८. लाभग्राहीहरुको नियमित उपस्थितिः भए नभएको

९. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालनाः भएको नभएको

१०. कार्यक्रमको खाका (लाभग्राही कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतको अवस्था....................................................................

११. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः...........................................

१२. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालनाः भए नभएको

१३. योजनाको समग्र उपलब्धिको अवस्था र दिगोपनः................................................

१४. लाभग्राही नागरिकको धारणा वा प्रतिकृया.........................................................

..........................................................................................................
.........

१५. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिवद्धताः.........................................................................................
..........................................

१६. वडा समिति वा वडा स्तरीय अनुगमन समितिको प्रतिकृया भएः.............................................................................................
................................................

१७. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः......................................................................................
....................................................................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

(क) नामः.......................................पद..................................दस्तखत................
(ख) नामः.......................................पद..................................दस्तखत................
(ग) नामः.......................................पद..................................दस्तखत................
(घ) नामः.......................................पद..................................दस्तखत................
(ङ) नामः.......................................पद..................................दस्तखत................
(च) नामः.......................................पद..................................दस्तखत................
(छ) नामः.......................................पद..................................दस्तखत................
(ज) नामः.......................................पद..................................दस्तखत................

अनुसूची-५

(कार्यविधिको दफा १४ बमोजिम)

## **स्वोरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रर्वद्धन गर्ने योजना र कार्यक्रम अनुगमन**

१. कार्यक्रमको नामः.........................................................

२. कार्यक्रम सञ्चालन स्थानः वडा नं. .........................स्थानः.....................................

३. कार्यक्रम शुरु मितिः.......................... सम्पन्न गर्नुपर्ने मितिः.............................

४. कार्यक्रमको प्रकृतिः (क) स्वरोजगार तथा उत्पादनमूलक (ख) उद्यमशीलता प्रर्वद्धन गर्ने

५. कार्यक्रमको कुल लागतः रु.....................कार्यालयबाट उपलब्ध हुने रकम रु................. कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु......................................अन्य निकायबाट प्राप्त सहयोग रु........................लाभग्राहीको सहभागिताः रु......................

६. जम्मा लाभग्राही संख्याः.

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | मधेसी | मुस्लिम/ अल्पसङ्ख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. कार्यालयबाट सामग्री उपलब्ध गराइएको भएमा

| सामग्रीको विवरण | परिमाण | उपयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

८. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए/नभएको

९. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः भए/नभएको

१०. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए/नभएको

११. योजनाको समय उपलब्धिको अवस्था र दिगोपनः...................................................... ........................................................................................................................ .....

१२. लाभग्राही/नागरिकको धारणा वा प्रतिकृयाः

१३. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धता..................

१४. वडा समिति वा वडास्तरीय अनुगमन समितिको प्रतिकृया भएः...........................

१५. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः.................................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

(क) नामः.......................................पद..................................दस्तखत................

(ख) नामः.......................................पद..................................दस्तखत................

(ग) नामः.......................................पद..................................दस्तखत................

(घ) नामः.......................................पद..................................दस्तखत................

(ङ) नामः.......................................पद..................................दस्तखत................

(च) नामः.......................................पद..................................दस्तखत................

(छ) नामः.......................................पद..................................दस्तखत................

(ज) नामः.......................................पद..................................दस्तखत................